"Access to All"

# गरिमा विकास बैंक लिमिटेड
# Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

______________ Branch (शाखा)

## Application Form for Mobile Banking Service
## (मोबाइल बैंकिङ्ग सेवा निवेदन फारम)

Date: / मिति: D D M M Y Y Y Y

Dear Sir/Madam, (महोदय,)

I/we request you to kindly provide me/us the Mobile Banking service as detail given below: (म/हामी लाई मोबाइल बैंकिङ्ग सेवा उपलब्ध गराई पाउन निम्न लिखित निवेदन गर्दछु/गर्दछौं ।)

☐ Mobile Banking Service (मोबाइल बैंकिङ्ग सेवा)  ☐ S.M.S. Service (एस.एम.एस. सेवा)  ☐ Amendment on current Subscription (हालको सेवामा संशोधन)

### Customer Detail (ग्राहकको विवरण)

Applicant's Name: निवेदकको नाम ______________________

Mobile No.: (मोबाइल नं.) ☐☐☐☐☐☐☐☐☐☐  Mobile Service Provider: (मोबाइल सेवा दाता) ______________

Email: (इमेल) ______________________

Primary A/C: (प्राथमिक खाताः) ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐

Secondary A/C: (द्वितीय खाताः) ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐

### Fund Transfer Facility (Please choose any one): (कुनैएक विकल्प छान्नुहोस्।)

**Option 1:** I want to activate third party fund transfer option to any of the account maintained with Garima Bikas Bank.
(**विकल्प १.**) (म गरिमा विकास बैंकमा खोलिएको कुनै पनि खातामा तेस्रोपक्ष रकम रकमान्तरण विकल्पलाई क्रियाशील गर्न चाहन्छु ।)

**Option 2:** I want to activate fund transfer option limited to following accounts (maximum upto 5 accounts).
(**विकल्प २.**) (म निम्न लिखित (बढीमा ५ खाताहरू) खाताहरूमा मात्र रकम रकमान्तरण विकल्पलाई क्रियाशील गर्न चाहन्छु ।)

| Account Name (खाताको नाम) | Account Number (खाता नम्बर) |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

### I would also like to subscribe to the following services: (म निम्न लिखित सेवासमेत हासिल गर्न चाहन्छु ।)

☐ Mobile Banking Third Party Payment Service: allows you to make Merchant Bill Payment at various Garima Bank's Certified Merchants that includes Supermarkets, Malls, Restaurants, Shops, Hotels, etc. (मोबाइल बैंकिङ्ग तेस्रोपक्ष भुक्तानी सेवाः यस सेवाले गरिमा विकास बैंक द्वारा प्रमाणित विशाल बजार, मल, रेष्टुरेन्ट, पसल, होटल जस्ता विभिन्न व्यापारिक केन्द्रमा विल भुक्तानी गर्ने अनुमति दिनेछ ।)

☐ Mobile Banking Cash Withdrawal Service: allows you to withdraw cash from your account through any of our authorized agents. (मोबाइल बैंकिङ्ग रकम झिक्ने सेवाः यस सेवाले हाम्रा कुनैपनि आधिकारिक एजेन्टमार्फत आफ्नो खाताबाट रकम झिक्ने अनुमति दिनेछ ।)

### Transaction Alert Notification Options: (कारोबारको जानकारी लिने विकल्पहरु)

☐ Debit Alert (डेविट)  ☐ Credit Alert (क्रेविट)  ☐ Both (दुबै)

### Authorization: (अख्तियारी)

I would like to subscribe to Mobile Banking services from your Bank. Please debit my account for this subscription and other applicable fees. I assure you to place sufficient balance in the account at the time of fee payment. I hereby agree to bear the charges with execution of this standing instruction until this instruction is revoked by me in writing. I have also read and understood the terms and conditions herein and understand that the Bank shall debit my account for any transactions instructed from my mobile number in the proper syntax. Sole charge for protection of my mobile phone and PIN number resides solely with me. (म यहाँको बैंकबाट मोबाइल बैंकिङ्ग सेवा हासिल गर्न चाहन्छु। कृपया यस सेवा हासिल गर्न लाग्ने रकम र अन्य शुल्क मेरो खातामा खर्च लेख्नुहोला । शुल्क भुक्तानी गर्दाका बखत खातामा आवश्यक रकम रहने कुरामा म आश्वस्त गराउन चाहन्छु । मैले लिखित रुपमा यस निर्देशनलाई रद्द नगरेसम्म यस निर्देशन कार्यान्वयन गर्दा लागेको शुल्क तिर्न बुझाउन म मन्जुर गर्दछु । मैले यस्मा उल्लेखित शर्तहरु पढी बाँची बुझे जानेको छु र मेरो मोबाईल नम्बरबाट उचित रुपमा निर्देश गरिएका कुनैपनि कारोबारका लागि मेरो खातामा खर्च लेखिने छ । मेरो मोबाइल फोन र पिन नम्बरको सुरक्षाको पूर्ण दायित्व ममा रहेको कुरा बुझको छु ।)

______________________
Account Holder's Signature
(खातावालाको हस्ताक्षर)

### For Bank's Use Only (बैंक प्रयोजनका लागि मात्र)

☐ New Subscription  ☐ Amendment on current Subscription

**Checklist:**

☐ Alert service for requested account numbers is authorized by account holder.  Created By ______________ Date ______________

☐ Customer account debited with subscription fee and other necessary charges.

☐ All necessary documentation for authorization has been obtained.  Approved By ______________ Date ______________

## GBBL ('the Bank') shall provide, subject to Terms and conditions set out herein, mobile banking facilities ('Service').
## गरिमा विकास बैंकले यसमा उल्लेखित शर्तहरुको अधिनमा रही मोबाइल बैंकिङ्ग सुविधा (सेवा) प्रदान गर्नेछ ।

1. Definitions: In this document the following words and phrases have the meaning set below unless the context indicates otherwise:
१. परिभाषाः प्रासंगिक रुपमा अर्को अर्थ नलागेमा यस लिखतमा देहायका शब्द वा वाक्यांशको अर्थ देहाय बमोजिम हुनेछ ।

a. Account shall mean bank account and/or any other type of account so maintained by the customer with the Bank or may be offered in future
क. खाता भन्नाले बैंक खाता र/वा बैंकमा ग्राहकले खोलेको कुनै पनि प्रकारको खाता वा भविष्यमा प्रस्तावित गर्न सकिने खाता सम्झनु पर्दछ ।

b. Customer shall mean a Customer of the Bank or any person who has applied for the Service.
ख. ग्राहक भन्नाले बैंकका ग्राहक वा यस सुविधा माग गर्ने कुनै व्यक्ति सम्झनु पर्दछ ।

c. Mobile Payment Services include but not limited to transfer of funds from primary account to destination account, bill payment and any other payments that may be added in future.
ग. मोबाइल भुक्तानी सेवा अन्तर्गत मुल खाताबाट लक्षित खातामा रकम हस्तान्तरण, बिल भुक्तानी र भविष्यमा थप हुने अन्य कुनै भुक्तानीसमेत सम्झनु पर्दछ ।

d. Primary Account is the Customer account maintained with the Bank. Customer instruction(s) for mobile payment facilities shall be debited to primary account in settlement. Mobile payment service is available for both primary and secondary account.
घ. मुल खाता बैंकमा रहेको ग्राहक खाता हो । मोबाइल भुक्तानी सेवाका लागि ग्राहकले दिएको निर्देशनलाई ग्राहक खातामा समाविष्ट गरिनेछ । मोबाइल भुक्तानी सेवा प्राथमिक र द्वितीय खातालाई उपलब्ध गराइनेछ ।

e. Destination Account is the account of beneficiary maintained with the Bank and where fund is transferred to.
ङ. लक्षियत खाता भुक्तानी पाउने पक्षले बैंकमा खोलेको खाता हो जसमा रकम रकमान्तर गरिनेछ ।

f. Mobile Number shall mean the mobile phone number specified by the Customer for the purpose of availing the Services.
च. मोबाइल नम्बर भन्नाले सेवा उपलब्ध गराउने प्रयोजनका लागि ग्राहकले उपलब्ध गराएको मोइल नम्बर सम्झनु पर्दछ ।

g. PIN means Personal Identification Number which is unique and generated randomly by the Bank's system. It is confidential password used to authorize request in the service.
छ. पिन भन्नाले विशिष्ट र बैंक प्रणालीबाट क्रमरहित ढङ्गले सञ्चालित हुने व्यक्तिगत पहिचान नम्बर सम्झनु पर्दछ । सेवा हासिल गर्ने आधिकारिक अनुरोध गरिदाँ प्रयोग गरिने यो गोप्य पासवर्ड हो ।

h. Service provider shall mean an entity that provides services to other entities, individual etc.
ज. सेवा प्रदायक भन्नाले अन्य निकाय वा व्यक्तिलाई सेवा प्रदान गरिने निकाय सम्झनु पर्दछ ।

2. Enforceability of Terms and Conditions: These terms and conditions together with the application made by the Customer and as accepted by the Bank shall form the contract between the Customer and the Bank, and shall be further subject to such terms as the Bank may agree with the other service providers.
२. शर्त लागु हुने : ग्राहकको यी शर्तहरुसहित परेको दरखास्त र बैंकले दिएको स्वीकृतिले ग्राहक र बैंक बीच करार खडा गर्नेछ र त्यस्तो करार बैंक र अन्य सेवा प्रदायकका बीच सम्पन्न हुने शर्तहरुको अधीनमा रहनेछ ।

3. Application for the Services: The Customer shall apply to the Bank for use of the Services by filling up the prescribed Mobile Banking Application from provided by the Bank.
३. सेवाका लागि दरखास्तः ग्राहकले सेवा प्रयोग गर्न बैंकले उपलब्ध गराएको तोकिएको मोबाइल बैंकिङ्गसम्बन्धी दरखास्त बैंकसमक्ष पेश गर्नुपर्नेछ ।

4. Eligibility for Application for the Service: The Services is available only to sole Account Holders of the Bank or to the person authorized to perform banking transactions individually. A written mandate from other account holder(s) is a must to avail the Services in case of Joint Account. Mobile Banking works in most but not in all Mobile Devices. The bank shallnot be responsible for unavailability of a services for reasons including incompatibility of Customer's Mobile Phone with the Service Platform, or for any loss or damage to the Customer's Mobile device resulting from use or attempted access or use of the Services.
४. सेवाका लागि दरखास्त दिने योग्यताः यो सेवा एकल खातावाला वा व्यक्तिगतरुपमा बैंकिङ्ग कारोबार गर्न अधिकारप्राप्त व्यक्तिलाई मात्र उपलब्ध गराईनेछ । संयुक्त खाता भएको अवस्थामा सेवा हासिल गर्न अन्य खातावालाको लिखित कार्यदेश अपरिहार्य हुनेछ । मोबाइल बैंकिङ्ग प्रायः सबै जसो मोबाइल उपकरणमा उपलब्ध हुनेछ । सेवा प्लेटफर्मसँग ग्राहकको मोबाइल फोन अनुकुल नभएको लगायतका कारणले सेवा उपलब्ध नभएमा वा यो सेवा प्रयोग गर्दा वा प्रयोग गर्ने प्रयास गर्दा ग्राहकको मोबाइल उपकरणमा हानि वा क्षति पुगेमा बैंक जिम्मेवार हुनेछैन ।

5. Debit & Credit Transaction alert for Rs. 500 & above only will be available via S.M.S.
५. खातामा रकम झिक्दा र जम्मा गर्दा रु. ५०० तथा सो भन्दा माथिको कारोबारमा मात्र एस.एम.एस. सेवा उपलब्ध हुनेछ ।

6. PIN: The Customer acknowledges that use of PIN provides sufficient authority for the Bank to process transactions on designated accounts. The Bank may act on this authority and is not obliged to make further enquiries. Further, the Customer acknowledges that S.M.S. is not safest mode of communication due to its inherent risks and dependence on Service Providers. Followings are the measures Customers shall adopt to protect themselves.
६. पिनः पिनको प्रयोगले बैंकलाई तोकिएको खातामा (कोष) रकमान्तर गर्ने पर्याप्त अख्तियारी हुने कुरालाई ग्राहकले स्वीकार्दछ । बैंकले यस अख्तियारी बमोजिम कार्य गर्दा थप सोधपुछ गरिरहने पर्नेछैन । साथै, सेवा प्रदायकमाथिको एसएमएसको निर्भरता र यसका नैसर्गिक जोखिमका कारणले एस.एम.एस. संचारको सुरक्षित माध्यम होइन भन्ने कुरा ग्राहक स्वीकार्दछ । आफ्नो सुरक्षाका लागि ग्राहकले देहायका उपायहरु अवलम्बन गर्नेछ ।

- Don't keep any record of your PIN, in written or electronic form; and don't disclose the PIN to anyone;
- पिनको अभिलेखलाई लिखित वा विद्युतीय प्रारुपमा नराख्ने र कसैलाई पिनका बारेमा नबताउने ।
- Always keep your mobile phone alongside and not allow others to use it;
- आफ्नो मोबाइल फोन सदैब आफूसँगै राख्ने र अन्य कसैलाई पिनका बारेमा नबताउने ।
- Delete all SMS messages to and from the Bank;
- बैंकले पठाएका र बैंकलाई पठाइएका सबै एसएमएसहरु मेटाउने ।
- Inform the Bank imediately if the Mobile Phone is lost or stolen, or if the Mobile number is changed.
- मोबाइल फोन हराएमा वा चोरी भएमा वा मोबाइल नम्बर परिवर्तन भएमा तत्काल बैंकलाई जानकारी दिने ।
- Ensure that no unauthorized access is made to their mobile phone and/or the services.
- मोबाइल फोन र/वा यो सेवामा अनधिकृत पहुँच नभएको कुरा सुनिश्चित गर्ने ।
- Change the PIN on a regular basis.
- नियमितरुपमा पिन परिवर्तन गर्ने ।
- The bank, upon receipt of subscription confirmation of S.M.S. from your mobile number, will immediately activate the services.
- बैंकले तपाईको मोबाइल नम्बरबाट सेवा प्राप्ति सुनिश्चित गरेको एस.एम.एस. प्राप्त गरे पश्चात तत्काल सेवा सक्रिय बनाउनेछ ।

7. Availability & Disclosure: The Bank shall endeavor to provide the Services to the Customer. The Bank may alter the Services availed to the Customer with or without giving prior notice. The Bank reserves the right to offer the Services for those Customers who are using the specific mobile network operator(s) only. Access of the Customer to the Services shall be restricted to the designated Mobile phone Number only. Instructions of the Customer shall be effecated only after authentication of the Customer by means of verification of the Mobile Phone Number and the alloted PIN or through any other mode of verification as may be stipulated at the discretion of the Bank. The Bank shall not be responsible for the delay in carrying out the instructions due to any reason beyond its control whatsoever including failure of third party service provider, operational system or due to any requirement of law.
७. उपलब्धता र उद्घोषणः बैंकले ग्राहकलाई सेवा प्रदान गर्न प्रयत्न गर्नेछ । बैंकले पूर्व सूचना दिई वा नदिई ग्राहकलाई उपलब्ध गराएको सेवा परिवर्तन गर्न सक्नेछ । कुनै निश्चित मोबाइल नेटवर्क सेवा प्रदायकको सेवा उपभोग गर्ने ग्राहकलाई मात्र सेवा प्रदान गर्ने गरी प्रस्ताव गर्ने अधिकार बैंकमा निहीत रहनेछ । तोकिएको मोबाइल नम्बरबाट मात्र सेवामा ग्राहकको पहुँच हुनेछ । मोबाइल फोन नम्बरको प्रमाणीकरण र प्रदत्त पिन वा बैंकको निर्देशनमा उल्लेखित हुन सक्ने अन्य प्रमाणीकरणका तरिकाद्वारा ग्राहकको पुष्टीकरण अन्य भएपश्चात् मात्र ग्राहकको निर्देशन प्रभावकारी हुनेछ । तेस्रो पक्ष सेवा प्रदायक र सञ्चालन पद्धतिको असफलता वा कानूनी आवश्यकता लगायतका काबु बाहिरको कुनै कारणले निर्देशन कार्यान्वयनमा ढिलाईका लागि बैंक जिम्मेवार हुनेछैन ।

________________________

Account Holder's Signature
(खातावालाको हस्ताक्षर)

8. Bank's Authority: By accepting this agreement the Customer irrevocably and unconditionally authorizes the Bank to access all his Accounts for effecting all Mobile Banking transactions. The Customer further authorizes the Bank to share the Account information with third parties if necessary, for the purpose of accepting/executing Customer's request.

८. बैंकको अख्तियारीः यो सम्झौतालाई स्वीकारी ग्राहकले सबै मोबाएल बैंकिङ्ग कारोबारलाई प्रभाव पार्ने गरी निजको सबै खातामा बैंकको अपरिवर्तनीय र निशर्त पहुँच हुने कुरालाई स्वीकारेको छ। ग्राहकको अनुरोधलाई स्वीकार्ने/कार्यान्वयन गर्ने प्रयोजनका लागि आवश्यकता अनुसार तेस्रो पक्षलाई खाताबारे जानकारी गराउने अख्तियारी समेत ग्राहकले बैंकलाई प्रदान गरेको छ।

9. Disclaimer of Liability: The Bank shall not be responsible for any failure on the part of the Customer to utilize the services due to the Customer not being within the geographical range within which the Services are offered. If the Customer has reasons to believe that his Mobile Phone is/has been alloted to another person and/or there has been an unauthorized transaction in this account and/or his mobile phone is lost, he shall immediately inform the Bank. The Customer agrees that Bank shall not be liable on following conditions:

९. उत्तरदायित्वको इन्कारीः सेवा प्रदान गरिएको भौगोलिक दायरामा ग्राहक नरहेको कारणले निजले सेवा उपभोग गर्न नपाएमा बैंक जिम्मेवार हुनेछैन। यदि ग्राहकको मोबाइल फोन नम्बर अन्य व्यक्तिलाई प्रदान गरिएको र/वा निजको खाताबाट अनाधिकृत कारोबार भएको र/वा निजको मोबाइल फोन हराएको विश्वास गर्नुपर्ने कारण विद्यमान भएमा निजले बैंकलाई तत्काल जानकारी दिनुपर्नेछ। देहायको अवस्थाका लागि बैंक जिम्मेवार नहुने कुरामा ग्राहक सहमत छ ः

a) The Customer knowingly or unknowingly shares the PIN/OTP (One Time Password) with third parties,

क) ग्राहकले जानीजानी वा अन्जानमा तेस्रो पक्षलाई पिनकोर्ड तथा एक पटक प्रयोगमा आउने पासवर्डको बारेमा बताएमा,

b) The Customer has breached any of the terms and conditions herein,

ख) ग्राहकले यसमा उल्लेखित कुनै शर्त उल्लंघन गरेमा,

c) The Customer fails to advise Bank within a reasonable time about unauthorized access or erroneous transactions in their Account,

ग) खाताबाट भएको अनाधिकृत कारोबार वा त्रुटीपूर्ण कारोबारका बारेमा उचित समयभित्र बैंकलाई जानकारी नगराएमा,

d) The Customer fails to advise the Bank about the change in/termination of the Customer's Mobile Phone Number.

घ) ग्राहकको मोबाइल फोन नम्बर परिवर्तन भएको/समाप्त भएको बारेमा निजले बैंकलाई लिखित जानकारी नगराएमा।

The Customer agrees that the access to the services shall be only through the Mobile Phone Number and any transaction which originates from the same, whether initiated by the Customer or not, shall be deemed to have originated from the Customer. Under no circumstance, the Bank Shall be held liable if the Services are not available for reasons including but not limited to natural calamities, legal restraints, error & omission by the mobile network provider, network failure, third party service provider or any other reason beyond the control of the Bank. The Bank shall not be liable under any circumstances for any damages whatsoever whether such damages are direct, indirect, incidental consequential and irrespective of whether any claim is based on loss of revenue, interruption of business or any loss of any character or nature whatsoever and whether sustained by the Customer or by any other person. Illegal or improper use of the services shall make the Customer liable for payment of financial charges as decided by the Bank or will result in suspension of the services to the Customer.

मोबाइल फोन नम्बरको माध्यमबाट मात्र सेवामा पहुँच हुने कुरा ग्राहक स्वीकार्दछ र ग्राहकले गरेको वा नगरेको भएपनि सो नम्बरबाट भएको कुनै पनि कारोबार ग्राहकले नै गरेको मानिनेछ। प्राकृतिक प्रकोप, कानूनी अवरोध, मोबाइल नेटवर्क प्रदायकको त्रुटी र कार्यलोप, असफल नेटवर्क, तेस्रो पक्ष सेवा प्रदायक र बैंकको काबू बाहिरको कुनै कारण लगायत सेवा उपलब्ध हुन नसकेमा बैंक कुनै पनि अवस्थामा जिम्मेवार हुनेछैन। कुनै पनि प्रत्यक्ष, अप्रत्यक्ष, आकस्मिक, आनुषङ्गिक हानि र आयको नोक्सानी, व्यवसायमा बाधा वा ग्राहक वा अन्य व्यक्तिले बहन गरेको कुनै पनि प्रकार वा प्रकृतिको हानि नोक्सानिका लागि बैंक कुनै पनि अवस्थामा जिम्मेवार हुनेछैन। सेवाको कानून विपरित वा अनुचित प्रयोग भएमा बैंकले निर्धारण गरे बमोजिमको आर्थिक व्ययभार ग्राहकले भुक्तानी गर्नुपर्ने र परिणामतः ग्राहकलाई दिइएको सेवा निलम्बन हुनेछ।

10. Indemnity: In consideration of the Bank providing the Services, the Customer agrees to indemnify and keep safe, harmless and indemnify the Bank from and against all actions, claims, demands, proceedings, loss, damages, costs, charges and expenses whatsoever the Bank may incur, sustain, suffer or be put to at any time as a consequence of acting on or omitting or refusing to act on any instructions given by use of the service. The Customer holds the Bank, harmless against any loss incurred by the Customer due to failure to provide the Services or any delay in providing the services due to any failure or discrepancy on part of the mobile network provider. The Customer agrees to indemnify and hold the Bank harmless for any losses occurring as a result of:

१०. सुरक्षाः बैंकले सेवा प्रदान गर्दा सेवा प्रयोगसम्बन्धमा दिइएका निर्देशन बमोजिम कार्य गर्न इन्कार गरिएको वा कुनै कार्यको परिणामस्वरुप बैंकले बेहोर्नु पर्ने, बहन गर्नुपर्ने, भोग्नुपर्ने सबै कारवाही, दाबी, माग, लागत, दस्तुर, खर्चबाट बैंकलाई सुरक्षित, खतरामुक्त र संरक्षित राख्न ग्राहक मन्जुर गर्दछ। मोबाइल नेटवर्क प्रदायकको असफलता वा कमीकमजोरीका कारण सेवा प्रदानमा हुन गएको ढिलाई भएको वा सेवा प्रदान गर्न नसकेको कारण ग्राहकलाई पुगेको हानि नोक्सानीबाट समेत बैंकलाई ग्राहकले सुरक्षित बनाएको छ। ग्राहक बैंकलाई सुरक्षित पार्न र देहायको कार्यको परिणामस्वरुप भएको हानि नोक्सानीबाट सुरक्षित पार्न सहमत छ।

a) The Customer permitting any third parties to use the services,

क) ग्राहकले तेस्रो पक्षलाई सेवा प्रयोग गर्न अनुमति दिएको,

b) The Customer permitting any other person to have access to his mobile phone or as a consequence of leaving the mobile phone unattended or loss of mobile phone,

ख) मोबाइल फोनलाई ध्यान नदिई छोडिएको वा मोबाइल हराएको कारणले ग्राहकले अन्य व्यक्तिलाई निजको मोबाइल सम्म पहुँचको लागि अनुमति दिएको,

c) In the event of change in mobile number specified herein this application, the customer shall inform the Bank immediately. Failure to do so shall not make the Bank liable and responsible for any consequences of whatsoever nature arising there from.

ग) यस निवेदनपत्रमा उल्लेखित मोबाइल नम्बर परिवर्तन भएको स्थितिमा ग्राहकले बैंकलाई तत्काल सूचित गर्नुपर्नेछ। यसो नगरिएमा त्यसबाट उत्पन्न कुनै पनि प्रकृतिको परिणामप्रति बैंकलाई उत्तरदायी र जिम्मेवार बनाउन सकिने छैन।

11. Fees: The Bank shall have the sole discretion to set specific fees chargeable on the services and may revise the same from time to time as and when deemed necessary with or without prior notice to the Customer. Further, it is the sole liability of the Customer to pay for all the charges to them by the mobile Network providers for using the mobile network such as NTC & NCell.

११. शुल्कः बैंकलाई सेवामा लाग्ने शुल्क निर्धारण गर्ने र ग्राहकलाई पूर्व सूचना नदिई समय-समयमा आवश्यकता अनुसार शुल्क परिमार्जन गर्ने एकल स्वविवेकाधिकार हुनेछ। साथै, मोबाइल नेटवर्क प्रदान गरे बापत लागेको सम्पूर्ण शुल्क एनटिसी, एनसेल जस्ता मोबाइल नेटवर्क प्रदायकलाई तिर्ने एकल जिम्मेवारी ग्राहकको हुनेछ।

12. Amendment: The Bank has the absolute discretion to amend or supplement any of the terms and conditions at any time and such amended terms and conditions will thereupon apply to and be binding on the Customer

१२. संशोधनः बैंकलाई कुनै पनि समय कुनै पनि शर्त संशोधन गर्ने वा थप शर्त निर्धारण गर्ने पूर्ण स्वविवेकाधिकार हुनेछ र त्यस्ता संशोधित शर्त ग्राहकलाई लागू हुनेछ र निजका लागि बाध्यात्मक हुनेछ।

13. To terminate the Services, the Customer shall notify the Bank through a written notice. The Customer will remain responsible for any transactions made through his/her Mobile phone Number prior to the time of such calcellation of services. The Bank may, at its discretion, withdraw temporarily or terminate the services, eitherwholly or in part, at any time with or without giving prior notice to the Customer. The Bank may, without prior notice, suspend the services at any time for reasnons including maintenance work or repair or in case of any emergency or for security reasons. The Closure of accounts of the Customer will automatically terminate the Services. The Bank may suspend or terminate service without prior notice if the Customer has breached these terms and conditions or if the Bank learns of the death, bankruptcy or lack of legal capacity of the customer or any other situation as the Bank may deem fit.

१३. समाप्तिः सेवा अन्त्य गर्न ग्राहकले बैंकलाई लिखित सूचना दिनुपर्नेछ। यसरी सेवा समाप्त गर्नुभन्दा अघि ग्राहकको मोबाइल फोन नम्बरबाट भएका सबै कारोबारप्रति ग्राहक उत्तरदायी रही रहनेछ। बैंकले आफ्नो स्वविवेकमा ग्राहकलाई पूर्व सूचना दिई वा नदिई कुनै पनि समयमा पूरै वा आंशिक रुपमा सेवा अस्थायी रुपमा फिर्ता लिन वा समाप्त गर्न सक्नेछ। मर्मत सम्भार कार्य वा आकस्मिक कारण परेमा वा सुरक्षासमेतका कारणले बैंकले पूर्व सूचना नदिई कुनै पनि समयमा सेवालाई निलम्बन गर्न सक्नेछ। ग्राहकले खाता बन्द गरेमा सेवा स्वतः समाप्त हुनेछ। ग्राहकले यी शर्तहरु उल्लंघन गरेमा वा ग्राहकको मृत्यु, टाट पल्टाई वा कानूनी क्षमताको अभाव भएको जानकारी हुन आएमा वा बैंकले उचित ठानेको अन्य कुनै अवस्थामा बैंकले पूर्व सूचना नदिई सेवा निलम्बन गर्न वा समाप्त गर्न सक्नेछ।

________________________

Account Holder's Signature
(खातावालाको हस्ताक्षर)